# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष–३ | अंक–३२ | २०७५ फागुन १५ गते बुधबार | 27 February 2019 Wednesday | मूल्य रू. १०/-



घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौँ यसको प्रतिकार

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## संरक्षण विना पुरातात्विक सम्पदा ओझेलमा

**विश्वनाथ सिम्खाडा**

**कालिकोट** - कालिकोटमा रहेका पुरातात्विक सम्पदा (देवल) हरू संरक्षण अभावमा लोप हुने अवस्थामा पुगेका छन् । चौधौं शताब्दीमा पश्चिमका नायबी मल्लकालीन राजाहरूले निर्माण गराएका कलाकौशलयुक्त देवलहरूको उचित संरक्षण नहुँदा देवलका संरचना जीर्ण भई हराउँदै गएपछि पुरातात्विक इतिहास बोकेका सम्पदा लोप हुने अवस्थामा पुगेका हुन् ।

वि.सं १४ सयदेखि १८औं शताब्दीसम्म शुदुर तथा मध्यपश्चिममा एकछत्र राज गर्दै आएका मल्ल राजाहरूले ग्रामीण बस्ती घुम्ने क्रममा उपयुक्त लागेको स्थानमा देवलहरू निर्माण गरी मौसमी रूपमा आवास बनाउने गरेका स्थान ओझेलमा परेको स्थानीय तुलाराज योगिको भनाइ छ । कालिकोटको खाडाचक्र नगरपालिका, रास्कोट नगर पालिका, शान्नि त्रिवेणि गाँउपालीका ,शुभकालिका गाँउपालिका र नरहरिनाथ गाँउपालीकामा पाँच वटा मन्दिर रहेका छन् । यस्ता देवलहरूको संरक्षण गर्न सके आन्तरिक तथा बाह्य पर्यटक आउने र यस क्षेत्रको समग्र जीवनशैलीमा परिवर्तन ल्याउने खाडाचक्र नगरपालिका-१ मिम बहादुर शाहि बताउँछन् । कलाकृतिले भरिपूर्ण र पुरातात्विक महत्व दर्शाउने कालिकोटका पानीका नाउला पहिचान भए पनि संरक्षण र पर्यटन प्रवर्द्धनका लागि न त स्थानीय बासिन्दाले चासो दिएका छन् न राज्यका निकायबाट । स्थानिय



जिल्लाको रास्कोट नगरपालिका ३ मा रहेको मन्चदेवल मन्दिर ।

ऐतिहासिक सम्पदा र संरचनाहरूको संरक्षण संवर्द्धन तथा पर्यटकीय प्रवर्द्धनका लागि राज्यले ध्यान दिन नसकेको स्थानिय पुजारि जयचन्द्र अधिकारिको गुनासो छ । आन्तरिक तथा बाह्य पर्यटनको आकर्षण बन्न सक्ने जिल्लाको खाडाचक्र र रास्कोट आसपासका क्षेत्रमा रहेका पुरातात्विक देवल, बैठक कक्ष, सरकार आएको पनि भन्दै दुई वर्ष वित्न लाग्दा समेत यसको प्रचार प्रसार र संरक्षणमा कुनै चासो र चिन्ता लिएको देखिएको छैन । यस्त खालका धेरै पुरातात्विक सम्मपदाहरुको संरक्षणकमो लागि कुन्न पनि शुचिमा नराखेको प्रति रास्कोट ३ का वयवृद्ध पदमनाथ योगिले


**बाँकी ८ पृष्ठमा..**


## हिमपातमा पुरिए चौरी

**मिसन न्यूज**

**डोल्पा** – भारी हिमपातले छार्काताङसोङ गाउँपालिका ४ काककोटमा सयभन्दा बढी चौंरी पुरिएका छन्। पटकपटकको हिमपातले उच्च पहाडी क्षेत्रमा चरनमा छाडिएका चौंरी पुरिएका हुन्। फागुन सुरु भएसँगै डोल्पामा पटक पटक हिमपात भएको छ । अझै मौसममा सुधार नआएकाले चौंरीपालक किसान चिन्तामा छन् । छार्काताङसोङ गाउँपालिका अध्यक्ष सेनाङ गुरुङका अनुसार सयौं चौरी हिउँ पहिरोमा पुरिँदा करोडौंको क्षति भएको छ। स्थानीय किसानको आयआर्जनको मुख्य स्रोत चौरी हो। जाडो र गर्मी दुवै समयमा उच्च हिमाली भेगका पाटनमै चौरी छोडिने भएकाले वनमै रहेका बेला




हिउँ पहिरोमा पुरिएको उनले जनाएरु। ‘केही चौरी हिउँले थुनिएका छन्,’ अध्यक्ष गुरुङले भने, ‘धेरै बाक्लो हिउँ हुँदा किसानसमेत पाटन जान सक्ने अवस्था छैन ।’ उनले कति चौरी हिउँमा पुरिए एकिन नभएको बताए। उनले हिमपात कम भएपछि त्यसबारे अध्ययन हुने जानकारी दिए । छार्काताङसोङ ४ कागकोटका छिरिङफुर्वा गुरुङका अनुसार एउटा चौरीको मूल्य एक लाख ५० हजारसम्म पर्छ। धेरै संख्यामा चौरी पुरिएका कारण किसानलाई ठूलो क्षति भएको छ। उनका अनुसार कागकोटमा मात्र हिउँ पहिरोले चौरी बगाउँदा करोडभन्दा बढीको क्षति भएको छ । टेलिफोन नेटवर्क नभएका कारण थप समस्या भएको उनले जनाए।

## गाउँपालिकाको सवै ठाउँमा सडक पुग्यो, गाडी पुगेन

**मिसन न्यूज**

**कालिकोट** - पलाँता गाउँपालिकाका अधिकांश वडामा कच्ची सडक निर्माण भइसकेको छ । तर, स्थानीयले भने गाडीको सुविधा पाएका छैनन्। कर्णाली नदीमा पुल नहुँदा गाडी गुड्न सकेका छैनन् । सडक निर्माण भइसक्दासमेत गाडी गुड्ने अवस्था नआएपछि अब गाउँपालिकाले हेलिकप्टरमार्फत गाडी लैजाने तयारी गरेको छ ।

नागरिकलाई गाडीको सुविधाबाट वञ्चित नगराउन पुल नबन्दासम्म हेलिकप्टर बाटै साना सवारी लगेर सञ्चालनको तयारी रहेको पलाँता गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर बमले जानकारी दिए । यसका लागि फागुन १८ गते



कालिकोटको पलाँतामा प्रयोगविहिन सडक ।

पलाँतामा आयोजना गरिने सांस्कृतिक महोत्सवमा गाडी लैजाने तयारी गरि एको छ। कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले उद्घाटन गर्ने उक्त महोत्सवमा हेलिकप्टरमार्फत गाडी लिएर गाउँपालिकामा यातायात सेवा सुरु गर्ने तयारी गरिएको उनले बताए । कर्णाली करिडोरसँग गाउँपालिकाको सडक जोड्न घाटाचौरमा फेरि वा पुल


**बाँकी ८ पृष्ठमा..**

लक्ष्मीविलास कोइराला

# बजेट कार्यान्वयनका कठिनाइ

समृद्ध नेपाल सुखी नेपाली बनाउने दीर्घकालीन उद्देश्यअनुरूप आर्थिक सामाजिक विकास गर्न आर्थिक वर्ष २०७५/७६ को सात महिना बितिसक्दा पनि केवल २२ प्रतिशत मात्र बजेट खर्च भएको र राष्ट्रिय गौरवका हुन वा सामान्य परियोजना हुन्, कुनैको पनि अपेक्षित प्रगति नभएको अवस्थाले सकारात्मक लक्षण देखाउँदैन। परियोजना र बजेट बाँडफाँड तथा कर्मचारी व्यवस्थापन र ठेक्कापट्टा व्यवस्थापनको कमजोरीले आयोजनाहरू अलपत्र परेका समाचारहरू पत्रपत्रिकामा आइरहेका छन्। सार्वजनिक खर्चको कमीले तरलताको अभाव भई आर्थिक गतिविधिमा समेत शिथिलता आएको छ। नेपालमा कुल वार्षिक बजेटको करिब ८० प्रतिशत मात्र खर्च हुने र त्यसमा पनि धेरैजसो बजेट आर्थिक वर्षको अन्तिम महिनामा खर्च हुने प्रवृत्ति आर्थिक वर्ष २०७५/७६ मा पनि देखिएको छ।

**बजेट निश्चित आर्थिक वर्षको** आय-व्ययको विवरण मात्र नभएर राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण नीति र कार्यक्रमको दस्तावेज पनि हो। वास्तवमा बजेट सरकारको एक वर्षको योजना हो, जुन देशको प्रचलित संविधान, आवधिक योजना तथा आवधिक निर्वाचनमा विजयी राजनीतिक दलको घोषणापत्रबाट निर्देशित हुन्छ। बजेटको माध्यमबाट सरकारले राजस्व उठाउने र विभिन्न विकास आयोजना र सेवाप्रवाहमा खर्च गर्ने अख्तियारी विधायिकाबाट प्राप्त गर्दछ। बजेटका सफल कार्यान्वयनले मात्र विकासका परिणामहरू प्राप्त हुन्छन्। तर, हाम्रो देशमा बजेटको कार्यान्वयन पक्ष सशक्त छैन। यसकारण बजेट कार्यान्वयनका बजेटसम्बन्धी र बजेटबाहेकका समस्याहरूको यहाँ लेखाजोखा गरिएको छ।

**बजेटसम्बन्धी समस्या**

बजेट पारित हुने बित्तिकै कार्यक्रम स्वीकृत हुने र बजेट खर्च गर्ने अख्तियार पठाउने व्यवस्था बजेट भाषणमा नै मिलाए पनि समयमा खर्च गर्ने अख्तियारी नजानु, निकासामा ढिलाइ हुनु, ठेक्कापट्टा लगाउन र सार्वजनिक खरिदमा ढिलाइ हुनु, बजेटमा अनिश्चित स्रोतमा आधारित कार्यक्रम राख्नु, बजेट तर्जुमा गर्दा आयोजनाको कुल खर्च विचार नगरी अलिकति मात्र बजेट विनियोजन गर्नु, बहुवर्षीय बजेट प्रणाली लागू गर्न नसक्नु, बजेट निर्माणमा अर्थ मन्त्रालय र अन्य मन्त्रालयहरूबीच हुने मोलतोल वैज्ञानिक बन्न नसक्नु, सार्वजनिक सेवाहरूको लागत विश्लेषण र खर्चको मानदण्ड बन्न नसक्नु र वैदेशिक सहायतामा प्रतिबद्धता गरेको सबै रकम प्राप्त नहुनु बजेट कार्यान्वयनका समस्याका रूपमा रहेका छन्। यसैगरी, परियोजना प्रमुखको छिटोछिटो सरुवा हुनु, बजेट ट्र्याकिङ प्रणाली प्रभावकारी हुन नसक्नु, बजेट कार्यान्वयनको मूल्यांकन प्रभावकारी हुन नसक्नु, विनियोजन भएको रकमको न्यून खर्च हुनु, गैरबजेटरी खर्च गर्न उद्यत हुनु, नियम पालना नगरी खर्च गर्ने प्रवृत्ति बढ्दै जानु, आर्थिक वर्षको अन्तितिर खर्च गर्ने माचो हुनु, वित्तीय कारोबारमा पारदर्शिताको कमी रहनु, बजेट खर्चको प्रगति रिपोर्टिङ समयमा नहुनु, आन्तरिक लेखा परीक्षण कमजोर हुनु, महालेखा परीक्षकबाट देखाइएका आर्थिक अनियमितताका कमजोरीहरू नसच्याइनु, बर्सेनि बेरुजुको आकार बढ्दै जानु तथा सरकारको खर्च गर्ने नीति स्पष्ट नहुनु पनि बजेट कार्यान्वयनका समस्या हुन्।

**कर्मचारी समायोजनमा ढिलाइ**

बजेट कार्यान्वयनको जिम्मेवारी निजामती प्रशासनको हो। कर्मचारीतन्त्रको सुधार र परिचालन राम्रोसँग हुन सकेको देखिँदैन। नेपालको संविधान जारी हुने बित्तिकैदेखि निजामती कर्मचारीको संघ, प्रदेश र स्थानीय तहमा समायोजन गर्नुपर्नेमा समायोजन हुन निकै समय लागेकाले कर्मचारी कता पर्ने हो, के हुने हो भन्ने स्पष्ट छैन। सरकारका तीन तह संघ, प्रदेश र स्थानीयतहबीच बजेट, कर्मचारी र अख्तियारीमा तालमेल भइसकेको छैन। कर्मचारीको समायोजन, बजेट तर्जुमा र कार्यालय स्थापनापूर्व नै प्रदेश र स्थानीय तहको निर्वाचन भई सरकार गठनपश्चात् हतारहतार कार्यालय स्थापना, कर्मचारी खटनपटन र बजेट बाँडफाँड गर्दा कतै कर्मचारी छन् कार्यक्रम छैन, कतै कार्यक्रम छ कर्मचारी छैनन्, कतै कार्यालय नै छैन तर बजेट र कर्मचारी छन्। यस अवस्थामा बजेट कार्यान्वयन हुन सजिलो छैन।

**स्लोगानमुखी विकास**

हाम्रो विकास परिणाममुखी नभएर स्लोगानमुखी (नारामुखी) बन्न पुगेको छ। नीति योजना बन्ने तर नीति र योजनाअनुरूप कार्यक्रमहरू नबन्ने, कार्यक्रमहरू बन्ने तर बजेट विनियोजन नहुने तीतो यथार्थ हामीसँग छ। कार्यक्रमले नीति र नीतिले कार्यक्रम चिनेको हुँदैन। लक्ष्य भेटिँदैन बुझिँदैन कार्यक्रमहरूमा। प्राथमिकता अनुसरण नगरी नेता कार्यकर्ताका अनेकौं माग र चाहना सम्बोधन गर्न झिनामसिना कार्यक्रमहरूमा बजेट छरिएको हुन्छ। त्यस्ता कार्यक्रमहरू प्राथामिकतामा पर्दैनन् र तीबाट राष्ट्रिय आवश्यकताको कुनै लक्ष्य प्राप्त पनि हुँदैन। पर्याप्त बजेट नभएका, प्राथामिकतामा नपरेका र अव्यवहारिक कार्यक्रमहरू कार्यान्वयन हुन नै सक्दैनन्। **कार्यक्रम बजेटभन्दा तलब बजेट उच्च**

हाम्रा मन्त्रालय, कार्यालयहरूको कार्यक्रमका लागि बजेट विनियोजन गर्दा हात कमाउने प्रवृत्ति अर्थ मन्त्रालयमा छ। भनसुनमा बजेट विनियोजन हुने परम्परा छ। परिणाम कतै बजेटको थुप्रो लाग्ने र कतै बजेटको चरम् अभाव हुने देखिन्छ। तलब बजेट त दरबन्दीअनुरूप नै प्राप्त हुन्छ तर कार्यक्रमका लागि पर्याप्त बजेट छुट्याइँदैन। कार्यक्रम छ, कर्मचारी छन् तर कार्यक्रमका लागि बजेट नभएपछि कार्यान्वयनको कुरै भएन।

**निर्णय निर्धारणमा तनाव**

प्रचलित ऐन नियम, प्राप्त अधिकार, स्थापित विधि र प्रक्रिया, उपलब्ध बजेट, स्वीकृत कार्यक्रम र नियमित कार्यसम्पादन गर्ने विषयहरूको आधारमा कर्मचारीले निर्णय गर्नुपर्दछ। निजामती सेवाको निर्णय प्रक्रियामा स्वार्थ वा हित समूह राजनीतिक नेतृत्वसँग सीधा सम्बन्ध र सम्पर्क हुने, पैसा तथा सूचना हुने कारण हाबी हुने गरेको छ। विधि र प्रक्रियाले निर्णय गर्न नहुने विषयमा पनि निर्णय लिनुपर्ने दबाब र तनाव सिर्जना हुन्छ। प्रक्रिया पुऱ्याउनुपर्नेमा प्रक्रिया नपुगेका कारण निर्णय नगर्दा कर्मचारीमाथि मन्त्री वा निर्वाचित वा नियुक्त पदाधिकारीलाई असहयोग गरेको दोष लाग्ने गरेको छ। यर्सथ, कर्मचारी निर्णय पन्छाउने, अनुपस्थित हुने वा ढिलो गर्ने धुन र मन्त्री रिझाउने कर्ममा धेरै समय बिताउँछन्, निर्णय हुन सक्दैन।

**कमिसनको आकांक्षा र द्वन्द्व**

विभिन्न परियोजना तथा विकास कार्यहरू सञ्चालन गर्ने मन्त्रालय, विभाग र कार्यालयहरूमा सामाजिक अगुवा, शक्तिशाली राजनीतिक नेता कार्यकर्ता तथा हित समूहहरू कमिसनका अपेक्षा गर्दै ढुक्ने वा परियोजनाहरूको कार्यान्वयनमा संलग्नता खोज्ने गर्दछन्। कार्यालयहरूले कार्यसम्पादन गर्ने विधि र प्रक्रिया अवलम्बन गर्न खोज्दा कमिसनका आकांक्षीहरूको दबाबले विधि र प्रक्रिया फड्केर निर्णय गर्नुपर्ने अवस्था आउँछ। तर, निजामती कर्मचारीले विधि र प्रक्रिया नपुऱ्याई निर्णय गर्न चाहँदैन।

द्वन्द्व पैदा हुन्छ र काम हुँदैन। राजनीतिले देशको शासन सञ्चालनको बागडोर लिएको हुन्छ। राजनीतिक नेतृत्व आत्तिएर वा दौडिएर बजेट कार्यान्वयन हुँदैन। बजेट कार्यान्वयन कर्मचारीतन्त्रले गर्ने हो। नीति कार्यक्रम र बजेट कार्यान्वयनका लागि निजामती कर्मचारीको कार्यसम्पादन क्षमता, उत्प्रेरणा र कार्य वातावरणमा निर्भर हुने भएकाले कर्मचारीलाई उत्प्रेरित र जिम्मेवार बनाई जिम्मेवारी पूरा गरे नगरेको सशक्त सुपरीवेक्षण गर्न र नसक्ने कर्मचारीलाई कारबाही गर्नु पनि पर्दछ।

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा अरूको भर पर्दा महत्त्वाकांक्षा पूरा गर्न समस्या पर्नेछ। आफन्तजनमै ईर्ष्यालु मनोवृत्ति बढ्न सक्छ।

**वृष** : इच्छाशक्ति बढ्नुका साथै लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ। सरल जीवन शैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ।

**मिथुन** : धेरै बोल्ने बानीले विवाद निम्त्याउन सक्छ। आलोचकहरूदेखि सावधान र हनुपर्ला। शुभचिन्तकहरूको साथ जुट्नाले काममा फाइदा हुनेछ।

**कर्कट** : आफन्तहरू नजिकिए पनि परिस्थिति आफ्ना लागि चुनौतीपूर्ण रहनेछ। काम बिग्रने भयले सताउन सक्छ। शुभचिन्तकहरूको सुझावलाई मनन गर्नुहोला।

**सिंह** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

**कन्या** : प्रारम्भमा आम्दानीको क्षेत्र फराकिलो भए पनि प्रतिस्पर्धाले खर्च बढाउने छ। आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन्।

**तुला** : प्रारम्भमा तारिफयोग्य काम गरेर अवसर हात पार्ने समय छ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ।

**वृश्चिक**: प्रारम्भमा सामाजिक क्षेत्रबाट हौसला प्राप्त हुनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। प्रतिष्ठित काम हातपार्न सफल भइनेछ।

**धनु** : प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्नेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। अरूको स्वार्थमा उपयोग भइएला।

**मकर** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ। खर्च लागे पनि मिहिनेत गर्दा अवसर हात पार्न सकिनेछ।

**कुम्भ** : पहिलेको सफलताले काममा उत्साह जगाउनेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ भने नयाँ कार्यको थालनी हुन सक्छ।

**मीन** : जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। आफ्नो कमजोरीबाट अरूले फाइदा उठाउन समय रहेकाले सजग रहनुपर्ला।

# महिला हिंसामुक्त बनाउने प्रतिबद्धता

**मिसन न्यूज**

**कालीकोट –** जिल्ला प्रहरी कार्यालयले महिला हिंसामुक्त अभियान सञ्चालन गरेको छ । जिल्लालाई हिंसा र आत्महत्यामुक्त गराउन जिल्लाभर विभिन्न सचेतना मूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको प्रहरीले जनाएको छ । त्यस्तै पीडकलाई कारबाहीको दायरामा ल्याउन जिल्ला प्रहरीमा महिला, हिंसा, जातीय छुवाछूत र बाल हिंसाका घटनाका मुद्दा तत्काल दर्ता गर्न थालिएको छ ।

कालीकोटमा हालै गरिएको अध्ययन अनुसार ५७ प्रतिशत महिला हिंसा हुने गरेको छ। वार्षिक १५ जनाले आत्महत्या गर्ने गरेका छन् । महिलाहरू बालविवाहका कारण बढी पीडित हुने गरेको र हिंसामा पर्ने गरेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी प्रमुख डीएसपी विनोद शर्माले प्राथमिकताका आधारमा पाँचबुँदे कार्ययोजना बनाई सबै प्रहरी इकाईसम्म लागू गरिएको जनाए । जसमा महिला हिंसा र आत्महत्यामुक्त जिल्ला बनाउने प्रतिबद्धता गरिएको छ। 'प्रहरी साँच्चैको जनताको साथी भएको अनुभूति गराउन पहल गरिरहेका छौं,' शर्माले भने, 'महिलाविरुद्धका कुनै पनि हिंसा प्रहरीलाई सह्य हुँदैन ।' उनका अनुसार समुदाय र विद्यालयमा महिला र बाल हिंसा हुन नदिन प्रत्येक मावि र आधारभूत विद्यालयमा गुनासो पेटिका राखिएको छ । गुनासो पेटिका १५/१५ दिनमा प्रहरीमार्फत खोलेर गम्भीर खालका दुर्व्यवहार र हिंसाका घटना जिल्ला प्रहरीमा पठाउन मातहतका निकायलाई निर्देशन दिइएको जनाए। उनका अनुसार यो अभियानले पीडकलाई कारबाहीको प्रक्रियामा ल्याउन सहज बनाएको छ।



कालीकोट जिल्ला प्रशासन कार्यालयमा आयोजित प्रहरी नागरिक अन्तर्क्रियाका सहभागी ।

बालबालिकामार्फत घरघरमाहुने हिंसा र दुर्व्यवहारको सूचना लिएर अपराधगर्नेलाई कारबाही गर्न प्रहरी सक्रिय रहेको डीएसपी शर्मा बताउँछन् । प्रतिप्रहरी एक सय घर रेखदेख गर्ने जिम्मा दिने डीएसपी शर्माको योजना छ। जसका लागि एउटा वडामा चाररपाँच ब्लक विभाजन गरी प्रहरी परिचालन गरिनेछ । जिल्ला प्रहरीले प्रहरीलाई कर्तव्यप्रति प्रेरित गर्न एक महिनामा एक उत्कृष्ट प्रहरी घोषणा कार्यक्रम अगाडि सारेको जनाएको छ। म्यादी प्रहरी विवेक ऐडीको मृत्युपछि प्रहरी र कालीकोटका नागरिकबीच चिसिएको सम्बन्ध सुधार गर्न आफू प्रयासरत भएको डीसएपी शर्माले बताए ।

**मुद्दा दर्ता बढ्यो**

प्रहरीमा आएका मुद्दा मिलापत्रमै जोड दिएर दर्ता नगर्ने परम्परा तोडिँदै गएको प्रहरीले जनाएको छ । अपराधका घटनामा प्रहरीले उन्मुक्ति दिने गुनासो अन्त्य गर्न प्रहरीले उजुरी आएपछि दर्ता गर्न थालेको हो । साउनयता जिल्ला प्रहरीले ६५ थान मुद्दा दर्ता गरेको छ। जिल्ला प्रहरीले यस वर्ष धेरै मुद्दा दर्ता गरेर रेकर्ड कायम गरेको जनाएको छ। 'मुद्दा दर्ता हुँदैनन् भन्ने गुनासोको अन्त्य भएको छ,' डीएसपी शर्माले भने,

बाँकी ४ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।**

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## महिला हिंसामुक्त बनाउने.......................

'६ महिनामै ६५ मुद्दा दर्ता भए।' जिल्ला प्रहरीका सूचना अधिकारी एवं प्रहरी निरीक्षक देवेन्द्रकुमार मल्लका अनुसार गत वर्ष साउनदेखि माघसम्म जम्मा १६ थान मुद्दा दर्ता भएका थिए। उनका अनुसार यस वर्ष सबैभन्दा बढी सार्वजनिक अपराधका १४ वटा मुद्दा दर्ता भएका छन्। जबर्जस्ती करणीका ५, भवितव्य ज्यानका ७, फुटकर ज्यानका ९, बहुविवाहका ४ र जबर्जस्ती करणी, ज्यान उद्योगका २ मुद्दा दर्ता भएको कार्यालयले जनाएको छ। जिल्ला प्रहरीका अनुसार बम विस्फोटका २, लागूऔषधसम्बन्धी २ र सवारी ज्यानका ४ मुद्दा दर्ता भएका छन्। भनसुन गरेर अपराधी छुटाउने प्रवृत्तिको अन्त्य गर्न प्रहरीले तत्काल मुद्दा दर्ता गर्ने गरेको हो।

नागरिकलाई न्यायको अनुभूति गराउन प्रहरी प्रशासन सक्रिय रहेको प्रजिअ चन्द्रबहादुर कार्कीले बताए। उनले अपराधको कसुर र मात्र हेरेर मुद्दा अघि बढाइने गरेकोजानकारी दिए। कान्तिपुरबाट


**पचालझरनाको सन्देश**

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।**
**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**पचालझरना गाउँपालिका**
**कालिकोट**



**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिका**
**कालिकोट**



**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## तपाईं मुटु रोगको उच्च जोखिममा त हुनुहुन्न

रगतमा ट्राइग्लिसराइडको मात्रा उच्च भएमा मुटु रोगको जोखिम उच्च हुन्छ। तपाईंलाई जिज्ञासा उठ्न सक्छ, आखिर ट्राइग्लिसराइड चाहि के हो त ? ट्राईग्लिसराइड एक प्रकारको फ्याट हो, जुन रगतमा पाइन्छ। जब हामी खान्छौ, तब शरीरले हामीले खाएको क्यालोरीलाई ट्राईग्लिसराइडको रुपमा परिवर्तन गरेर संग्रहित गर्छ। आवश्यक परेको बेला हर्मोनले ट्राइग्लिसिराइडलाई शक्तिको रुपमा प्रयोग गर्छ। **ट्राइग्लिसराइड कसरी बढ्छ** ?-सामान्यतया, एउटा व्यक्तिमा ट्राइग्लिसराइडको मात्रा एक सय ५० एमजीरडिएल (मिलिग्राम प्रति डेसीलिटर) हुनुपर्छ। ट्राइग्लिसराइडको मात्रा दुई सय एमजीरडिएल (मिलिग्राम प्रति डेसीलिटर) भएमा त्यसलाई उच्च ट्राइग्लिसराइड भन्ने गरिन्छ। चिकित्सकहरुले कोलेस्ट्रोलको जाँच गर्दा लिपिड प्रोफाइल गरेर ट्राइग्लिसराइडको स्तर पत्ता लगाउने गर्छन्। **मोटोपनाको समस्या बढाउने गर्छ** ।-रगतमा ट्राईग्लिसराइड बढ्नु भनेको अन्य अवस्थाहरुको संकेत पनि हो, जसले मुटु रोग, स्ट्रोक, मोटोपनाको जोखिम बढाउने गर्छ। यसकै कारण कम्मरमा बोसो जम्ने, कोलेस्ट्रोलको मात्रा उच्च हुने, उच्च रक्तचापको समस्या निम्तिने गर्छ। **फ्याटमा केन्द्रित हुने**-मुटुलाई स्वस्थ राख्न फ्याटको महत्वपूर्ण भूमिका हुन्छ। तर यसको मतलव यो हैन की यसलाई पूर्णतया नर्कानु पर्छ। बरु भेजिटेबल आयल, ओलिभ आयल, नट्स, एभोकार्डो तथा वोसोयुक्त माछा जस्ता अनस्याचुरेटेड फ्याटमा ध्यान दिनुपर्छ। यसबाहेक, ओमेगा(३ लगायतका समुद्री भोजनको सेवनले पनि उच्च ट्राइग्लिसराईडको स्तरलाई कम गर्न मद्दत गर्छ।

**कार्बोहाइड्रेट प्रेमी हुने**

कुनै पनि स्रोतबाट प्राप्त भएको अतिरिक्त क्यालोरीलाई ट्राइग्लिसराइडको रुपमा संग्रहीत गर्न सकिन्छ भने चिनी तथा मदिराको सेवनबाट प्राप्त हुने अतिरिक्त क्यालोरीले पनि रगतमा ट्राइग्लिसराइडको स्तर बढाउन मद्दत गर्छ। त्यसैले, कार्बोहाइड्रेटयुक्त खाद्यपदार्थको चुनाव गर्दा सम्पूर्ण अन्न, फलफूल, सागसब्जी तथा कम बोसोयुक्त दूग्धजन्य पदार्थमा केन्द्रित हुनु पर्छ।

**चिकित्सकसँग परामर्श गर्ने**

ट्राइग्लिसराइडका स्तर १५० भन्दा माथि भएमा पोषणविद् वा चिकित्सकसँग परामर्श गरेर जीवनशैली बदल्नतिर लाग्नु पर्छ। त्यस्तै, आवश्यक सप्लीमेन्टको सेवनद्धारा पनि यसको स्तरलाई नियन्त्रण गर्न सकिन्छ।


**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# राहत कुर्दै वर्ष वित्यो, राहत आएन

**मिसन न्यूज**

**कालिकोट** - जिल्लामा गत चैत २७ गते राति आएको हावाहुरीसहितको असिना पानीले नष्ट गरेको बालीको राहत रकम अहिलेसम्म किसानले पाउन सकेका छैनन् । हावाहुरी सहितको असिनाका कारण ६ हजार ५ सय ८९ परिवार प्रत्यक्ष प्रभावित भएका थिए । असिनापानीले २ करोड ६४ लाख रुपैयाँको तरकारी, फलपुल र अन्नबाली नष्ट गरेको थियो ।

असिनाले खाडाचक्र रास्कोट नगरपालिका, सान्नीत्रिवेणी, नरहरिनाथ र शुभकालिका गाउँपालिकामा कृषि प्राविधिकको नेतृत्वमा राजनैतिक दल र संचारकर्मीसहित खटाएर क्षतिको विवरण संकलन गरेर राहतका लागि सरकारलाई सिफारिस गरिएको सहायक प्रजिअ राजकुमार दुलालले बताए । असिनाले सबैभन्दा बढी रास्कोट नगरपालिकामा ६५ लाख ३५ हजार, खाँडाचक्र नगरपालिकामा ४३ लाख ७८ हजार, नरहरिनाथ गाउँपालिकामा ३२ लाख २ हजार, शुभकालिकामा २ लाख २ हजार र सान्नीत्रिवेणीमा गाउँपालिकामा २ करोड ३० लाख ३ हजारको क्षति भएको विवरण आएको थियो । उनले भने, 'रास्कोट नगरपालिकाले सुरुमा ७ करोडको तरकारी र फलफुल, ३ करोडको खाद्य बाली गरी १० करोडको क्षति पु(याएको विवरण थियो । पछि वस्तविक असिना पानीले ५८ लाख ४७ हजार मुल्यको तरकारी, ६६ लाखको फलफुल, २ करोड ३ लाखको गहु र ३५ लाख २ हजार रुपैयाँको जौ बाली नष्ट भएको थियो । क्षतिको विवरण पठाएको वर्ष दिन वित्न लागिसकेको छ । सबै स्थानीय निकायबाट प्राप्त भएको विवरण केन्द्रमा पठाएको तर राहत दिने बिषयमा माथिल्लो निकायबाट केही जानकारी नआएको जिल्ला विपत व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी चन्द्र बहादुर कार्कीले बताए । हावाहुरी र असिनाले रास्कोट नगरपालिका क्षेत्रमा सबैभन्दा धेरै क्षति पुऱ्याएको थियो । जिल्लाकै अघुवा कृषक परिलाल न्यौपानेले क्षतिपूर्ती र राहत नपाउँदा किसान निराश बनेको बताए । चैत्र महिना लागिसक्यो अझै राहत पाएका छैनौं, भोकमरिको चिन्ता थपिएको छ । जिल्लाको एकमात्र स्याउ जोन रास्कोटको

बाँकी ८पृष्ठमा....



हिँउदे बाली असिनाले सखाप पारेपछि हाटबजारबाट भेडाबाख्रा मार्फत चामल बोकाउँदै स्थानिय ।

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## पोर्चुगलमा नेपाल चिनाउदै



समुद्रको संसार हेर्नका लागि पोर्चुगल विश्वभरका पर्यटकको आकर्षणको केन्द्र हो। यहाँ घुम्न मात्रै होइन, रोजगारीका लागि जाने पनि कम छैनन्। रोजगारीका लागि जानेहरूमध्ये कतिपय त्यही उद्यम तथा व्यवसाय गरेर बसेका छन्। यस्तै एक पात्र हुन्, धनराज शेर्पा। राजधानी लिस्बनको पर्यटकीय सहर आनजोसमा उनले 'रेस्टुरेन्ट एभरेस्ट नेपाल' नामक रेस्टुरेन्ट सञ्चालन गरेका छन्। र, रेस्टुरेन्टमार्फत् विश्वसामु नेपाल चिनाएका छन्। **कसरी** ? -रेस्टुरेन्टका भित्तामा गौतम बुद्ध र नेपाली हिमालका तस्बिर टाँसेर। यसले नेपाल चिनाउने त छँदैछ, युरोप र अमेरिका जोड्ने एटलाइन्टिक महासागरमा नेपाली हिमाललाई उभ्याएको उनको ठम्याइ छ। उनको रेस्टुरेन्टमा नेपाली परिकारको स्वाद चाख्न पाइन्छ। त्यही नेपाली स्वाद लिन आप्रवासी नेपालीसँगै विदेशीको पनि उत्तिकै भीड लाग्ने उनी बताउँछन्। 'रेस्टुरेन्टमा नेपाली परिकार खान ब्राजिल, चीन, पाकिस्तान, भारत लगायत देशका नागरिक आउने गरेका छन्,' उनले भने। यहाँका अधिकांश नेपाली आफ्नो रेस्टुरेन्टमा आउने गरेको उनी बताउँछन्। 'नेपालीले आयोजना गर्ने अधिकांश कार्यक्रम पनि यहीं हुने गरेको छ,' उनले भने।

**कसरी बने त उनी रेस्टुरेन्ट व्यवसायी ?**

केही साताका लागि नेपाल फर्किएका उनले नागरिककर्मीसँग संघर्षगाथा सुनाए- २०५२ सालमा एसएलसी उत्तीर्ण गरेपछि काठमाडौं छिरें। सुरुवातमा कार्पेटसम्बन्धी काम गरें। त्यही काम गर्दागर्दै धागो उत्पादन व्यावसायीको अनुभव बटुलें। र, डेनमार्क, स्पेन र बेल्जियम घुमें। तर, पनि नयाँ आइडिया फुरेन।

# ज्ञानमाला

१. अन्तराष्ट्रिय टेलिकम्युनिकेसन युनियन (आइटियु) को प्रतिवेदन अनुसार विश्वका १५५ मुलुकहरू मध्ये सूचना प्रविधि विकास परिसूचकमा नेपाल कति औं स्थानमा परेको छ ?
-१३७ औं

२. विश्व बैंकको स्थापना कहिले भएको हो ?
-सन् १९४५ डिसेम्बर २७

३. संयुक्त राष्ट्र संघद्वारा मानव अधिकार घोषणा पत्र कहिले जारी गरीएको हो ?
-सन् १९४८

४. राष्ट्र संघको स्थापना कहिले भयो
-१० जनवरी १९२०

५. राष्ट्रसंघ जनसंख्या कोषले सार्वजनिक गरेको विश्व जनसंख्याको अवस्था नामक प्रतिवेदनमा कम उमेरमा वच्चा जन्माउनेमा सवै भन्दा बढी कुन देशका नागरिक छन् र कति प्रतिशत छन ?
-नाईजर, ५१

६. UNO महासभालाई सम्बोधन गर्ने प्रथम नेपाली को हुन् ?
-चुडाप्रसाद

७. 'मानव तथा जीव समूह' नामक कार्यक्रम चलाउने संस्था कुन हो ?
–UNESCO

८. संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन सम्बन्धी १९ औं शिखर सम्मेलन सन् २०१३ को नोभम्बर ११-२२ सम्म कुन देशमा भएको थियो ?
-पोल्याण्ड

९. संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन सम्बन्धी १९२ राष्ट्र सम्मिलित १५ औं शिखर सम्मेलन कहिले भएको थियो ?
-डिसेम्बर -१८, २००९

१०. संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन सम्बन्धी १८ औं शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भयो ?
-२६ नोभेम्बर देखि ७ डिसेम्बर २०१२, कतारको दोहामा

११. राष्ट्र संघ (League of Nations) को स्थापना हुँदा संस्थापक सदस्य राष्ट्र कति थिए ?
-२७

१२. संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गर्ने पहिलो सार्क मुलुक भारत हो भने अन्तिम मुलुक कुन हो ?
-वंगलादेश

१३. UN को सदस्यता लिने हालसम्मको अन्तिम देश कुन हो ?
-दक्षिण सुडान


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट



एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सुत्केरीले पाएनन् प्रोत्साहन भत्ता

**मिसन न्यूज**

**कालिकोट -** स्वास्थ्य संस्थाले प्रसूति भत्ता दिन छाडेका छन्। गाउँपालिकाले समयमै रकम भुक्तानी नदिँदा प्रसूति सेवा लिन आएका महिला रित्तो हात फर्किने गरेका हुन् । आमा सुरक्षा कार्यक्रमअन्तर्गत स्वास्थ्य संस्थामा प्रसूति सेवा लिएबापत ३ हजार र नियमित गर्भवती जाँच गराएबापत ८ सय रुपैयाँ प्रोत्साहन भत्ता पाउने गरेका थिए। पचालझरना गाउँपालिका-७ को स्वास्थ्य चौकी नानिकोटमा साउनयता प्रसूति सेवा लिएका ४६ जना महिलाले प्रोत्साहन भत्ता पाएका छैनन् । गाउँपालिकाको कार्यालयमा पटक-पटक आमा सुरक्षा कार्यक्रमको बजेट माग गर्दा पनि भुक्तानी नपाएकाले स्वास्थ्य संस्थामा प्रसूति सेवा लिन आउने महिलालाई रित्तो हात फर्काउनुपरेको स्वास्थ्यचौकीका इन्चार्ज जन्मऋषि न्यौपानेले बताए । जिल्ला स्वास्थ्य कार्यालय हुँदा स्वास्थ्य संस्थाको नाममा पहिल्यै पेस्की ल्याएर हरेक सुत्केरीको हातमा प्रोत्साहन भत्ता बाँड्ने गरिएको थियो । 'गाउँपालिकामा माग गर्दा लेखापालले पेस्की दिएनन्, हामीले कसरी दिनु ? ' उनले भने । यस्तै पचालझरना



गाउँपालिकाको बदालकोट स्वास्थ्य चौकीमा प्रसूति सेवा लिन आउने महिलाले पनि प्रोत्साहन भत्ता पाउन सकेका छैनन् । जिल्लाको तिलागुफा नगरपालिका, शुभकालिका गाउँपालिका, शान्तित्रिवेणी गाउँपालिकामा पनि स्वास्थ्य संस्थामा प्रसूति सेवा लिन आउने महिला खाली हात घर फर्किने गरेका छन्। जिल्ला स्वास्थ्य कार्यालयका पोषण कार्यक्रमका फोकल पर्सन कटकबहादुर महतले स्थानीय तहमा कार्यरत लेखापालको लापरबाहीका कारण आमा सुरक्षा कार्यक्रमअन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाले पाउने प्रसूति भत्ता नपाउने गरेको बताए । उनले जिल्लाभरिका स्वास्थ्यकर्मीले सुत्केरी भत्तालगायत सेवा नपाएको गुनासो आइरहेको बताए। उनले भने, 'तहविरुद्ध प्रशासनमा जानुपर्ने अवस्था आएको छ।' यता पचालझरना गाउँपालिकाका लेखापाल नरदल बुढाले आमा सुरक्षा कार्यक्रममा बजेट अभाव भएकाले सबै स्वास्थ्य संस्थामा रकम दिन नसकिएको बताए। स्वास्थ्य चौकी नानिकोटमा एक लाख ६० हजार, स्वास्थ्य चौकी बदालकोटमा एक लाख र स्वास्थ्य चौकी

बाँकी ८ पृष्ठमा..


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकोको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# गाउँपालिकाको सबै ठाउँमा सडक...........

अनिवार्य देखिएको छ । तर, तत्काल फेरीसमेत सञ्चालन गर्न नसकिने भएकाले हेलिकप्टरमार्फत गाउँपालिकामा तीन वटा साना जिप लिने तयारी गरि एको अध्यक्ष बमले जानकारी दिए । उक्त महोत्सवका साथै उज्यालो पलाँताका लागि हरेक परिवारलाई सोलार सिस्टम वितरण, दुर्सिको सय किलोवाटको विद्युत् उद्घाटन तथा विपन्न परिवारलाई भैंसी वितरणसमेत गरिने गाउँपालिकाले जनाएको छ । ठूलो भूगोल ओगटेका साविकका थिर्पु, भौलागोह र खिन गाविस मिलेर बनेको पलाँता गाउँपालिकामा जनप्रतिनिधिले सडकलाई पहिलो प्राथमिकता दिएर डेढ वर्षमै २९ किलोमिटर सडकको ट्र्याक खोलिएको छ। गाउँपालिकाका अध्यक्षले विकासका लागि सबैभन्दा पहिलो नागरिकको आवश्यकता सडक भएकाले पहिलो वर्षदेखि नै सडक निर्माणलाई प्राथमिकतामा राखेको जानकारी दिए। ट्र्याक खोलिएको सडकमा गाडी गुडाउन कुनै समस्या नभए पनि कर्णाली नदीमा पुल नहुँदा अहिलेसम्म यात्रुवाहक कुनै पनि सवारी पुग्न सकेका छैनन्। स्थानीय नमराज बुढाले भने, 'सडक जोडिएपछि हामीले पनि गाडीको सुविधा प्रयोग गर्न पाउँछौं भन्ने आशा थियो तर खनेको सडकमा घाँस उम्रिन थालिसक्यो गाडी कहिले आउने पत्तो छैन।' यस्तै पलाँता र पचालझरना गाउँपालिकाको सिमाना रहेको घाटाचौरमा कर्णाली नदीमा फेरी सञ्चालन गर्न कर्णाली प्रदेश सरकार सँग पहल सुरु गरिएको छ।

# राहत कुर्दै वर्ष बित्यो,............................

सिप्टि विशालिम दुई हजार ६ सय ५० विगाहामा स्याउ लगाईएको थियो । फुलेको स्याउ बगान ९० प्रतिशत झारेको थियो ।

राज्यले दिने राहतका लागि धैरै निकायमा धाउँदा समेत सुनुवाई नभएको बताउँदै न्यौपानेले बीमा गरेका कृषकले बीमा रकम समेत समयमा नपाउनु दुःखत बिषय भएको गुनासो गरे। क्षतिपश्चात बीमा कम्पनीले समेत विभिन्न बहानाबाजी गरेर दावी भुक्तानी गर्न ढिलाई गरिदिने गरेकोले समस्या देखिएको कृर्षकको गुनासो रहेको छ।

# संरक्षण विना पुरातात्विक .................

नगरपालीका प्रति गुनासो गरे। उनले भने, 'यस्ता सम्पदाहरुको संरक्षण नगरे अबका पिढिहरुले, देख्न मुस्किल पर्नेछ।' कुनै बेला कालिकोट, जाबुरा, आछाम र दैलेखका स्थानीयहरूको छोटो बाटोको रूपमा रहेको गुटु चिसापानी वाजुराको वडिमालिका जाने वाटोमा रहेका दर्जनौं धर्मशालाहरू अहिले सुनसान बनेका छन् । महाभारतको मध्यभागमा रहेको तत्कालीन अजयमेरु राजाकी रानी नागी मल्लकी आमा रानी मौलाले घोडा सवारीसहित भित्र पस्ने विशाल धर्मशाला संरक्षणको पखाईमा छ। पाण्डवहरूले महाभारतको शैर गर्दा, द्रोपदीलाई प्यास लाग्दा, अर्जुनले बाण हानी पानी फुटाएको रमशिलाको पानी र त्यही बाटोमा पर्ने पाण्डव भीमले विशाल ढुंगामा सिंगान पुच्छदा लागेको औंठा छापलगायत धार्मिक, साँस्कृतिक र पौराणिक दृष्टिकोणबाट महत्वपूर्ण रहेका अनेकौं ऐतिहासिक सम्पदाको संरक्षणतर्फ कसैको ध्यान गएको छैन। जिल्लाका यस्ता पुरातात्विक, ऐतिहासिक र जीवनशैलीसँग जोडिएका कालखण्ड इतिहास बोक्ने सम्पदाहरूको सूचीकृत गरी संरक्षण संवर्द्धन तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले योजनाबद्ध रूपमा अघि बढन सके परिवर्तित संघीय राज्यको समृद्धिका लागि बलियो आधार बन्न सक्ने स्थानीयको भनाइ छ।

# सुत्केरीले पाएनन्.................................

राम्नाकोटमा दुई लाख तत्काल भुक्तानी दिएको र दुई लाख बढीको न्यानो झोला खरिद गरिएकाले बजेट सकिएको बताए। अन्य कर्मचारीले समेत स्थानीय भत्ता नपाएकाले थप बजेट माग गरिएको उनले बताए । गाउँपालिकामा बजेट अभावकै कारण स्वास्थ्य संस्थालाई रकम निकासा गर्न नसकिएको उनको भनाइ छ । अन्नपुर्णबाट


## महावैको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**

**कालिकोट**



## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**पलाँता गाउँपालिका कार्यालय**

**कालिकोट**



## 'भष्ट्राचार विरुद्धको सहकार्यःसुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत

फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०

फ्याक्स नं. ०८३-५२३८८४

२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२

ईमेल नं. ciaasurkhat@gmail.com



## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको www. missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाइड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३

**इमेल** : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com


**बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित**

**मिसन न्यूज**

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

**सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय :** खाँडाचक्र न.पा.-१ कालिकोट , **फोन नं.** - ०८७-४४०२४२, ९८४८०४९४५५ ,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,**मुद्रणः ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट**